# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही


प.सं. प्रशासन /०७०/०७१ मिति :– २०७०।१२।६
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७० साल पाल्गुण महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७०।११।९ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री टीकादत्त राई | – | प्रमुख/का.अ. सि.न.पा. |

**आमन्त्रीत**

| | | |
|---|---|---|
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | – | ब.ई. सि.न.पा. |
| श्री बिवेक कुमार खनाल | – | ब.अ. सि.न.पा. |
| श्री गणेश बहादुर क्षेत्री | – | ब.अ. सि.न.पा. |
| श्री देव प्रसाद ज्ञवाली | – | शाखा अधिकृत |
| श्री श्रीराम गुप्ता | – | अध्यक्ष, कर्मचारी एशोसिएशन |

**निर्णय नं. १(एक)**

नगरपालिका क्षेत्रलाई कार्य क्षेत्र बनाई सञ्चार क्षेत्रमा काम गर्ने सञ्चार कर्मिलाई प्रोत्साहन र सम्मान गर्ने उद्देश्यले नेपाल पत्रकार महासंघ, रुपन्देहीको सहकार्यमा सिद्धार्थनगर नगरपालिकाबाट यस पूर्व स्थापित श्रमजिवी पत्रकार पुरस्कार २०६२ साल सम्म निरन्तर रुपमा वितरण गर्दै आएकोमा सो पछि २०६९ सम्म विशेष कारणले पुरस्कार वितरण कार्यक्रमलाई निरन्तरता दिन नसकिएकोमा नेपाल पत्रकार



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

महासंघ, रुपन्देहीको २०७० फाल्गुण ६ गतेको पत्रबाट पुरस्कार वितरण कार्यक्रम निरन्तर गर्न २०६३ देखि २०६९ सम्मको पुरस्कार वितरण कार्यक्रमका लागी प्रतिबर्ष ५,०००।- (पाँच हजार) का दरले ७ बर्षको जम्मा ३५,०००।- अक्षेरुपी पैतिस हजार) मात्र निकास माग गरेको हुँदा माग बमोजिमको रकम सामाजिक संघ संस्था अनुदान शिर्षकबाट उपलब्ध गराउने र आगामी बर्षहरुका लागी श्रमजिवि पत्रकारीता प्रोत्साहन पुरस्कार उप-शिर्षक राखी निरन्तर रुपमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिकामा दर्ता भै सञ्चालित ३ पाङग्रे रिक्सालाई व्यवस्थित रुपले सञ्चालन गर्न नगरपालिकामा दर्ता भएपछि अधिकतम १० बर्ष प्रयोग अबधि कायम गरी सो अवधि भित्र मात्र नविकरण र फ्रेम परिवर्तन गर्ने व्यवस्था गर्ने र १० बर्ष अवधि कटेका रिक्साहरु सार्वजनिक सूचना गरी लगत कट्टा गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिकामा २०७० श्रावण १ गतेबाट लागु भएको भवन आचार संहितालाई प्रभावकारी र व्यवस्थित गर्न नगरपालिकामा पेश भएका भवन निर्माणको नक्सा, भवन आचार संहिता अनुरुप भए नभएको निरिक्षण गरी दर्ता प्रकृयामा लैजान प्रारम्भिक कार्य गर्ने जिम्मेवारी सहित हालको संगठन संरचनामा घरनक्सा शाखा अन्तरगत भवन आचार संहिता कार्यान्वयन उपशाखा थप गर्ने निर्णय गरियो ।




**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**

फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np